# मेलम्ची नगरपालिका कार्यालय

## मेलम्ची, सिन्धुपाल्चोक

## कार्यालय भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७४/१०/२१**

यस मेलम्ची नगरपालिका कार्यालयको लागि ४ कोठा घर भाडामा लिनु पर्ने भएकाले हाल मेलम्ची नगरपालिका कार्यालय संचालनमा रहेका स्थानको २०० मिटर देखी बढीमा १ किलो मिटरसम्मको आसपासका इच्छुक घरधनीले देहाय बमोजिमका काजजात तथा सेवा उपलब्ध गराउने शर्तमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल :

१. भाडामा दिन चाहेको घर मेलम्ची नगरपालिका कार्यालय संचालनमा रहेको घर/स्थानको करिव २०० मिटर देखी बढीमा १ किलो मिटरको आसपासमा हुनुपर्नेछ ।

२. भाडामा दिने घरमा ट्वाइलेट, तथा खानेपानीको राम्रो व्यवस्था हुनुपर्नेछ ।

३. भाडामा दिन चाहेको घरको कोठाको मासिक भाडादर उल्लेख गर्दा नियमानुसार लाग्ने कर समेत जोडेर भाडा उल्लेख गर्नुपर्नेछ ।

४. कोठा भाडाको लागि निवेदन दिंदा जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी र नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ ।

५. कोठा भाडा मासिक रूपमा एकमुष्ठ हुने रकम अंक र अक्षरमा स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ । घर भाडा भुक्तानी गर्दा कवोल अंकबाट नियमानुसार लाग्ने कर कट्टा गरि भुक्तानी गरिनेछ ।

६. घरभाडा बढीमा दुई बर्षको लागि लिईनेछ, साथै आपसी सहमतीमा आवश्यकता अनुसार नविकरण समेत गर्न सकिनेछ ।

७. भाडामा दिन चाहेको घरको अनिवार्य नक्सापास भएको हुनुपर्नेछ । साथै निवेदन पेश गर्दा नक्सापास भएको प्रमाण वा निस्सा राखेर निवेदन पेश गर्नु पर्नेछ ।

८. न्यूनतम एउटा हलुका सवारी साधनको पार्किङ्गको व्यवस्था हुनुपर्नेछ ।

मेलम्ची नगरपालिका कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक